स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

नेपाल ईन्जिनियर्स एशोसिएसन
केन्द्रिय कार्यालय
पुल्चोक, ललितपुर

३२ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
उपाध्यक्ष
ई. आशिष घिमिरे
महासचिव
ई. छवि राज पोखेल
उपमहासचिव
ई. कपिल आचार्य
कोषाध्यक्ष
ई. राम एकवाल यादव
सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ
सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

मिति : २०७८।०३।०४

# प्रेस विज्ञप्ती

नेपालको विशेष गरि पहाडी तथा हिमाली जिल्लाहरुमा केहि दिन अघि आएको अविरल वर्षाका कारण धेरै संख्यामा भौतिक संरचनाहरु नष्ट हुनका साथै ठूलो जनधनको क्षति हुन पुगेको छ । सयौं परिवार बिस्थापित भएका छन् भने दर्जनौं मानिसहरुको मृत्यु भएको र थुप्रै मानिस बेपत्ता भएको खबर छ । बाढी र पहिरोबाट सिन्धुपाल्चोक, मनाङ, लगायत गण्डकी प्रदेशका अधिकाँश जिल्लाहरु अति प्रभावित भएका छन् । अविरल वर्षाका कारण सिन्धुपाल्चोक जिल्लाको मेलम्ची क्षेत्रमा अकल्पनीय र त्रासदीपूर्ण प्राकृतिक विपदको घटना घटेको छ । मेलम्ची नदीमा गत मंगलबार आएको बाढी बस्तीमा पस्दा दर्जनौ मानिस बेघर भएका छन् भने मेलम्ची बजार उजाड बगरमा परिणत भएको छ । प्राकृतिक बिपत्तिले निम्त्याएको यो दुःखद क्षणमा ज्यान गुमाउनु हुने इन्जिनियर तथा अन्य दिवंगत आत्माप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकूल परिवारमा यस एशोसिएसन गहिरो समवेदना प्रकट गर्दछ साथै बेपत्ताहरुको तत्काल खोजी गरि उद्दार गर्न नेपाल इन्जिनियर्स एशोसियसन नेपाल सरकार तथा स्थानीय प्रशासनसँग जोडदार माग गर्दछ । वर्षातको समयमा खास गरि तटीय क्षेत्रमा हुने बाढी तथा पहिरोका कारण नेपालमा वर्षेनी सयौंको ज्यान जाने र हजारौं मानिस बिस्थापित हुने घटनाहरु भइरहेको छन् । तसर्थ यस प्रकारका प्राकृतिक विपद न्यूनीकरणका लागि तटीय क्षेत्रको अव्यवस्थित बसोबासलाई व्यवस्थित र सुरक्षित बनाउने तर्फ राज्यको ध्यान केन्द्रीत हुन अत्यन्त जरुरी छ ।

वर्षातको मौसम सुरु भएसँगै यति ठूलो बिपद निम्तनु राम्रो संकेत नभएकोले बिपद व्यवस्थापन र सो को न्यूनीकरणका लागि सरोकारवालापक्ष तथा बिपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने नेपाल सरकार मातहतका निकायहरुको विशेष ध्यान अकृष्ट गराउँदछौं । बिपद व्यवस्थापनको पूर्व तयारी तथा सूचना प्रणालीलाई व्यवस्थित बनाउँदै भविष्यमा हुन सक्ने क्षति प्रति सतर्कता अपनाउने बैज्ञानिक बिकल्प सहित आगामि दिनहरुमा यस्ता बिपद न्यूनीकरण तर्फ लाग्न नेपाल इन्जिनियर्स एशोसियसन सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछ । सिन्धुपाल्चोक लगायतका जिल्लाहरुमा घटेको बाढी पहिरोको बितन्डाले निम्त्याएको दुःखद घटनाप्रति यस एशोसिएसनलाई चिन्तित तुल्याएको छ । बाढी पहिरो तथा भुकम्पका घटनाबाट आक्रान्त सिन्धुपाल्चोक जिल्ला पछिल्लो दशकको हरेक वर्षातमा दुःख, पिडा र त्रासमा गुज्रने गरेको हुँदा त्यस जिल्लाको बिपद जोखिमयुक्त क्षेत्रको पहिचान गरि सुरक्षित स्थानमा एकिकृत वस्ती विकासको योजना तत्काल ल्याउन अति आवश्यक रहेको यस एशोसिएसनको ठहर छ ।

क्रमश ......... पेज २

ठेगाना: इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन: ०१-५०१०२५१, ५०१०२५२
फ्याक्स: ०१-५०१०२५३, ईमेल: info@neanepal.org.np, URL: www.neanepal.org.np

स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल ईन्जिनियर्स एशोसिएसन

केन्द्रिय कार्यालय
पुल्चोक, ललितपुर

३२ औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
उपाध्यक्ष
ई. आशिष घिमिरे
महासचिव
ई. छवि राज पोखेल
उपमहासचिव
ई. कपिल आचार्य
कोषाध्यक्ष
ई. राम एकवाल यादव
सह-कोषाध्यक्ष
आ. चाँदमाला श्रेष्ठ
सदस्यहरु
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

प्राकृतिक बिपत्तिबाट निम्तने दु:खदायी क्षण मानिसका लागि अकल्पनीय हुन्छन्, बिपद आइसकेको पछि तत्काल उद्दार तथा राहतको अभियानलाई युद्धस्तरमा अगाडि बढाउने र मानवीय क्षती हुन नदिनु राज्यको प्रमुख कर्तब्य भएको हुँदा यो बिपदको घडीमा सिन्धुपाल्चोक जिल्लामा बाढी र पहिरोबाट बिस्थापित परिवारको लागि राहत स्वरुप नेपाल इन्जिनियर्स एशोसियसनको तर्फबाट संस्थागत रुपमा रकम रु. १,००,०००।- (एक लाख रुपैयाँ) सहयोग उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्दछौं । साथै मेलम्ची क्षेत्रमा भएको अकल्पनीय दुर्घटनाको वस्तुस्थिति बुझि सो को अनुसन्धानात्मक विष्लेषण सहितको प्रतिवेदन पेश गर्न नेपाल इन्जिनियर्स एशोसियसनको तर्फबाट तत्काल एउटा स्वतन्त्र प्राविधिक बिज्ञ टोली गठन गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदै सो को लागि आवश्यक समन्वय तथा सहयोग उपलब्ध गराई दिनु हुन श्री गृह मन्त्रालय, नेपाल सरकार, राष्ट्रिय बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, मेलम्ची नगरपालिका तथा हेलम्बु गाउँपालिकालाई यसै बिज्ञप्ती मार्फत हार्दिक अनुरोध गर्दछौं ।

ई. छविराज पोखेल
महासचिव

ई.प्रा.डा. त्रिरत्न वज्राचार्य
अध्यक्ष

*बोधार्थ:*

*१) श्री गृह मन्त्रालय, नेपाल सरकार*
*२) श्री राष्ट्रिय बिपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल सरकार*
*३) श्री मेलम्ची नगरपालिका, मेलम्ची, सिन्धुपाल्चोक*
*४) श्री हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक*

ठेगाना: इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन: ०१-५०१०२५१, ५०१०२५२
फ्याक्स: ०१-५०१०२५३, ईमेल: info@neanepal.org.np, URL: www.neanepal.org.np